आ.व २०८१/८२

समय- बिहान ८ बजे

बैठक संख्या:१६

स्थान: गाउँकार्यपालिकाको कार्याललय

आज मिति २०८२ बैशाख २१ गते आईतबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री जय नारायण खनाल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १५ | सागर बस्नेत | प्रशासकीय अधिकृत | |
| १६ | सबिन खतिवडा | इवि अधिकृत | |
| १७ | बिपिन निरौला | ले.पा अधिकृत | |

बम प्रसाद लावती
अध्यक्ष

प्रस्तावहरु:

१. प्रशासकीय भवनको जग्गा प्राप्ति सम्बन्धमा

२. त्रुट्टी सच्चाइएको सम्बन्धमा

३. Land fill site को जग्गा प्राप्ति, बाटो तथा खाडल निर्माण सम्बन्धमा

४. रोधीघर निर्माण क्रमागत योजनाको रकम भुक्तानी सम्बन्धमा

५. यासोक सुख्खा क्षेत्र तमोर पम्पिङ खानेपानी आयोजना तथा सरसफाई उपभोक्ता समितिलाई रकम भुक्तानी सम्बन्धमा

६. कृषि यान्त्रिक उपकरण बाँडफाडँ सम्बन्धमा

७. विद्युत सहकारीलाई नेपाल विद्युत प्राधिकरणमा समायोजन गर्ने सम्बन्धमा

८. कक्षा ५ को परिक्षामा बढीमा १ विषयमा अनुतिर्ण हुने विद्यार्थीहरु सम्बन्धमा

९. कागेश्वरी आ वि को कक्षा ६ संचालन अनुमति दिने सम्बन्धमा

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८२/०१/१९ को सर्वदलिय बैठकको निर्णयानुसार मिति २०८०/१०/०५ गते यस कुम्मायक गाउँपालिकाबाट प्रकाशित प्रशासकीय भवनको निम्ति निःशुल्क जग्गा प्राप्तिको सूचना अनुसार यस कार्यालयमा प्राप्त निवेदन मध्ये तपसिल बमोजिमको जग्गा निःशुल्क रुपमा प्राप्ति गर्ने निर्णय गरियो।

| क सं | जग्गा-दाताको नाम थर | कि.नं | क्षेत्रफल |
|---|---|---|---|
| १ | मेघराज निरौला | ३/क ८०५ | ०-१३-०-० |
| | | ३/क ११२ | १-११-१-२ |
| २ | तेजनाथ निरौला | ३/क ८०६ | १-५-०-० |
| ३ | यूवराज निरौला | ३/क ९५१ | ०-११-०-० |
| ४ | ओमादेवी निरौला | ३/क ९५० | ०-२-०-० |
| ५ | तारा चन्द्र निरौला | ३/क ९३४ | १-७-२-० |
| | | ३/क ९४० | ०-३-१-० |
| | | ३/क ९५२ | ०-४-३-३ |
| ६ | ओमा देवी निरौला | ३/क ९३३ | ०-१३-०-० |
| ७ | लक्ष्मी देवी निरौला | ३/क ९४१ | ०-४-१-२ |
| | | ३/क ९५३ | ०-५-०-० |
| | | जम्मा क्षेत्रफल | ८-०-१-३ |

बम प्रसाद लावती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

२. प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०८१/०९/२९ को हिउँदे गाउँसभाबाट पारित नैया कार्यक्रम "स्थानीय पाठ्यक्रम छपाई कक्षा (३-८)" बुँदीलाई संशोधनलाई गरी "स्थानीय पाठ्यपुस्तक छपाई कक्षा (३-८)" कायम गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा Land fill site निर्माणको लागि कुम्मायक गाउँपालिका साविक स्याबरुम्बा २/क कि.नं ३५८ श्री महेन्द्र बहादुर खड्काको नाममा दर्ता कायम रहेको जग्गा मध्ये न्यूनतम २.०.०.० रोपनी जग्गा निशुल्क प्राप्त गर्ने, उक्त स्थान सम्म जाने बाटो निर्माणको लागि निगाले सामुदायिक वन उपभोक्ता समिति तथा जग्गा धनीसंग सहकार्य तथा सहमती लिने, ४ मिटरको बाटो तयार गर्न तथा Dumping Site को खाडल खन्न प्राविधिक ल.ई अनुसार "प्रशासकीय भवन, प्रधानमन्त्री रोजगार, सडक बोर्ड, अन्य साझेदारी" खर्च शिर्षक नं "३११५९" मा भएको रकम मध्ये रु. ५००००० (अक्षरुपी पाँच लाख) मात्र नैया कार्यक्रम "Land fill site सम्म जाने बाटो तथा खाडल खन्ने" कायम गरी खर्च गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व ०८१/८२ को स्वीकृत कार्यक्रम रोधीघर निर्माण क्रमागत सम्झौता भई कार्य सम्पन्न भएको हुदा रकम भुक्तानी गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा मिति २०८१/१२/२८ च.नं ४८ को यासोक सुख्खा क्षेत्र तमोर पम्पिङ खानेपानी आयोजना तथा सरसफाई उपभोक्ता समितिको पत्रानुसार नयाँ इनार निर्मणको क्रममा पुरानो इनारमा पानी नआएकोले गर्दा वैकल्पीक व्यवस्था गरी पानी वितरण गर्दा रु९५,१४६/- रकम खर्च भएकोमा उक्त रकम सुख्खाक्षेत्र खानेपानी ५०% विद्युत महशुल अनुदानबाट "स्थानीय सरकार संचालन ऐनको दफा ७९" अनुसार यासोक सुख्खा क्षेत्र तमोर पम्पिङ खानेपानी आयोजना तथा सरसफाई उपभोक्ता समितिलाई भुक्तानी गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाले खरिद गरेको तपसिलको कृषि यान्त्रिक उपकरणहरु <u>"कृषि मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धित कार्यक्रम संचालन कार्यविधि-२०८१"</u> बमोजिम वडागत रुपमा तपसिल बमोजिम वितरण गर्ने निर्णय गरियो।

| वडा नं | हाते ट्याक्टर | मिनि मिल | स्प्रेयर | मकै रोप्ने | पोखरी प्लाष्टिक |
|---|---|---|---|---|---|
| १ | १४ | १६ | २२ | | १९ |
| २ | १२ | १४ | २० | १ | १७ |
| ३ | ७ | ८ | ११ | १ | ९ |
| ४ | ७ | ८ | ११ | | ९ |
| ५ | १० | १२ | १६ | १ | १४ |
| जम्मा | ५० | ५८ | ८० | ३ | ६८ |

कुम्मायक गाउँपालिका
गाउँपालिकाको कार्यालय
यासोक, पाँचथर
कोशी प्रदेश, नेपाल

बम प्रसाद लावती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा थिङ्गेङ चोक सुम्हालुङ विद्युत सहकारी, स्यावरुम्बा विद्युत सहकारी र तिङ्गदेन विद्युत सहकारीलाई नेपाल विद्युत प्राधिकरणमा समायोजन गर्न नेपाल विद्युत प्राधिकरणलाई सिफारिस गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा यस पालिकाबाट संचालित कक्षा ५ को परिक्षामा सहभागी विद्यार्थीहरु मध्ये बढीमा १ बिषयमा अनुतिर्ण हुने विद्यार्थीहरुलाई अन्तिम पटक ग्रेस अंक दिई उतिर्ण गराउने निर्णय गरियो।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा कागेश्वरी आ विको कक्षा ६ संचालनको निम्ति अनुमति दिने निर्णय गरियो।

फुङलिङ... गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
याशोक, पाँचथर
कोशी प्रदेश, नेपाल

बम प्रसाद लावती
अध्यक्ष